Regd. No. 1300/067/068
PAN: 600232009
हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको)

प.सं. ०७९/८०
च.नं. (Ref. No.): ३००

मितिः २०७९/०८/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

विषयः साधारण सभा, बुक क्लोज तथा लाभांश सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७९/०८/२९ गते बिहान ८:०० बजे बसेको यस कम्पनीको सञ्चालक समितिको २७०औं बैठकबाट एघारौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा तपशिल बमोजिमको निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछुः

१. कम्पनीको एघारौं वार्षिक साधारण सभा मिति २०७९/०९/२६ गते मङ्गलबार आयोजना गर्ने।
२. एघारौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९/०९/१४ गते कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहने।
३. कम्पनीले शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.००% (पाँच प्रतिशत) का दरले हुने रू. १,०६,३८,१३,३७५।- (अक्षरेपी एक अर्ब छ करोड अड्तीस लाख तेह्र हजार तीन सय पचहत्तर मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.२६३% (शून्य दशमलव दुइ छ तीन प्रतिशत) का दरले हुने रू. ५,५९,९०,१७७।६३ (अक्षरेपी पाँच करोड उनान्साठी लाख नब्बे हजार एक सय सतहत्तर रुपैयाँ त्रिसट्ठी पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृतिको लागि एघारौं वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ।

भवदीय,

जिवन कुमार बस्नेत
कम्पनी सचिव

बोधार्थः श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।